प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

निर्णयहरु

प्र.म.प.बै.सं. २९।०८

सम्बत् २०७६ साल चैत २८ गत्ते शुक्रबारका दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २, जनकपुरधाममा बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा तथा उपस्थिति देहाय बमोजिम रहेको छ ।

उपस्थितिः-

| | |
|---|---|
| मुख्यमन्त्री | मा. लालबाबु राउत |
| मन्त्री | मा. जितेन्द्र सोनल |
| मन्त्री | मा. विजय कुमार यादव |
| मन्त्री | मा. ज्ञानेन्द्र कुमार यादव |
| मन्त्री | मा. शैलेन्द्र साह |
| मन्त्री | मा. नवलकिसोर साह |
| मन्त्री | मा. रामनरेश राय |

प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम देहायको प्रस्तावमा देहायमा लेखिए बमोजिम गर्ने निर्णय भयो ।

१. कोरोना (कोभिड-१९) भाइरस संक्रमित विरामीको उपचारका लागि कोभिड-१९ सम्भावित संक्रमितको नमुना संकलन, उपचारका लागि कोभिड विशेष अस्पताल विकास एवं सञ्चालनमा आवश्यक पूर्वाधार निर्माण र स्वास्थ्य सामाग्री आपूर्तिमा सहयोग तथा स्वास्थ्यकर्मी र चिकित्सक जनशक्ति परिचालन गर्न नेपाली सेनाबाट सहयोग लिने र सो सहयोग उपलब्ध गराइदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत रक्षा मन्त्रालयसँग अनुरोध गरी पठाउने ।

२. संक्रामक महामारी कोरोना भाइरस नियन्त्रण गर्न मुलुकमा लकडाउन गरिएका कारण साना किसान/फर्मलाई परेको प्रतिकुल प्रभावबाट संरक्षण गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विनियोजित बजेट एवं आर्थिक मामिला तथा योजना मन्त्रालय समेतबाट रु. छत्तिस करोडको राहत तथा ब्याज अनुदान कार्यक्रम स्वीकृत गर्ने र यसैसाथ संलग्न "कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकुल प्रभाव न्युनिकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६" स्वीकृत गर्ने ।

३. कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम, नियन्त्रण र उपचारसँग सम्बन्धित विषयहरु स्वीकृत गर्ने विषयको सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

.............................

रामकृष्ण सुवेदी

प्रमुख सचिव

मितिः २०७६।१२।२८